नेपाली कम्युनिष्ट पार्टी
केन्द्रीय मानव अधिकार विभाग
परिसडाँडा, कोटेश्वर, काठमाडौं

केन्द्रीय मानव अधिकार विभाग

प्रधानमन्त्रीको निजी सचिवालय
दर्ता नं. :- २५५५
मिति :- २०८३/०६/५

**पत्र संख्या:** ०६/०८३-०८४

**मिति:** २०८३/०६/०५

**श्री सम्माननीय प्रधानमन्त्री ज्यू,**
**प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालय,**
**सिंह दरबार, काठमाडौं, नेपाल ।**

**विषय:** जलवायु न्याय र मानव अधिकारका लागि विशेष ध्यानाकर्षण गराउँदै सुझाव पेस गरिएको बारे ।

**श्री सम्माननीय प्रधानमन्त्री ज्यू,**

यही २०८३ भाद्र १० गते (तदनुरूप २६ अगस्ट २०२६) रसुवा जिल्लाको नेपाल र चिनको सिमा क्षेत्र नजिकै ल्हेन्दे खोलाको जलाधार क्षेत्रमा अप्रत्यासित हिंउ पहिरो गै भोटेकोशी- त्रिशुली नदी प्रणालीमा बाक्लो लेदो सहितको भिषण बाढी आएर रसुवा, नुवाकोट, धादिङ्ग, गोरखा, तनहुं, चितवन लगायतका जिल्लाहरूमा व्यापक जन, धन, पूर्वाधार, सम्पदा, जीविकोपार्जन स्रोत साधन र पारिस्थितिक प्रणालीमा क्षति हुन गएको र यस शोक र पिडावाट उठ्ने जमर्को भैरहेको सन्दर्भमा यही २०८३ साल असोज ०४ गते (२० सेप्टेम्वर २०२६)का दिन नेपाली कम्युनिष्ट पार्टीको केन्द्रीय मानव अधिकार विभागको आयोजना तथा पार्टीको उच्च तहको राजनैतिक नेतृत्व, विषय विज्ञ, जलवायु तथा मानव अधिकार अभियन्ता, किसान, वुद्धिजीवी, महिला, फरक क्षमता भएका व्यक्तिहरू, अल्पसंख्यक लगायत आम जनसमुदायको सहभागीतामा "विश्व तापमान वृद्धिले हिमाली क्षेत्रमा पार्ने असर, नेपालमा हुने जोखिम र जलवायु न्याय" विषयमा काठमाडौंमा राष्ट्रिय स्तरको बृहत् अन्तरक्रियाको आयोजना गरेको र यसवाट प्राप्त निष्कर्षका सारको रूपमा यो सुझाव सहितको पत्र यसैसाथ संलग्न गरेका छौं ।



Scanned with CamScanner

वशिवव्यापीतापमान वृद्धि र जलवायु परिवर्तन लगायत बातावरणीय समस्याहरूलाइ विश्व समुदायले एकतावद्ध भएर सम्वोधन गर्न अन्तर्राष्ट्रिय तथा राष्ट्रिय स्तरमा नैं थुप्रै वैज्ञानिक र राजनैतिक प्रयासहरू भएका छन। तर त्यस्ता प्रयासहरू कतिपय अवस्थामा अपुरो भएका, कागजमै सिमित रहेका वा कार्यान्वयनका लागि अंझैपनि पर्याप्त पहल हुन नसकेको आम वुझाइ रहेको सन्दर्भमा यस सुझाव पत्रमा समावेश गरिएका जलवायु न्याय र मानव अधिकार लगायत महत्वपूर्ण सरोकारहरूमा नेपाल सरकारको उपयुक्त पहलकदमी, पैरवी र कार्यान्वयनका लागि सम्माननीय प्रधानमन्त्री ज्यू समक्ष यो सुझाव सहितको ध्यानाकर्षण पत्र प्रस्तुत गर्दछौं। साथै सम्माननीय प्रधानमन्त्री ज्यूवाट सम्वोधन हुने संयुक्त राष्ट्रसंघको आसन्न ८१औं महासभामा यस सुझावपत्रमा समावेश गरिएका विषयवस्तुले उचित प्राथमिकता पाउनेछन भन्नेकुरामा हाम्रो पूर्ण विश्वास छ। नेपाल सरकारले जलवायु परिवर्तनको उचित सम्वोधन, जलवायु न्याय र मानव अधिकारका लागि लिने पहलहरुमा हाम्रो ऐक्यवद्यता रहने कुरा पनि जानकारी गराउन चाहन्छौं। धन्यवाद।

माधव पौडेल
प्रमुख

शिवराम यादव
उप प्रमुख

## सुझावहरू

**१. आर्थिक सहायता होइन, जलवायु न्याय (Climate Justice) र परिपूरण (Reparation) लाई अधिकारको विषय बनाउने ।**

बर्तमान सन्दर्भमा नेपालको मूल राजनीतिक सन्देश भनेको "जलवायु जन्य क्षति तथा नोक्सानीका लागि सहयोग दान वा परोपकार होइन, जलवायु न्याय र साझा जिम्मेवारीको आधारमा उपलब्ध हुनुपर्ने अन्तर्राष्ट्रिय दायित्व हो" । किनभनें नेपालले विश्वव्यापी हरित गृह ग्याँस उत्सर्जनमा अत्यन्त न्यून योगदान गरेको तर जलवायु जोखिम उच्च रहेको तथ्यलाई आधार बनाएर प्रस्तुत हुनुपर्ने हुन्छ ।

**२. हानिनोक्सानी कोष (Loss and Damage Fund) लाई पर्याप्त र पहुँचयोग्य बनाउन पहल गर्ने ।** नेपालले सवै अन्तर्राष्ट्रिय जलवायु सान्दर्भिक मञ्चहरूमा सबैभन्दा जोडदार रूपमा हानिनोक्सानी सम्वोधन गर्ने कोlif (Fund for Responding to Loss and Damage) लाई पर्याप्त स्रोतयुक्त बनाउनुपर्ने माग गर्नुपर्छ। हालको एउटा प्रमुख मुद्दा कोषको स्थापना मात्र हुनु होइन–कोषमा पर्याप्त रकम हुनु, रकम छिटो उपलब्ध हुनु र जोखिममा रहेका देशले सहज पहुँच पाउनु पनि हो । त्यसैले नेपालले पर्याप्त र नयाँ/अतिरिक्त वित्त; अनुदानमुखी वित्त; ऋण होइन, अनुदान; विपद्पछि तत्काल विनियोजन; प्रत्यक्ष पहुँच ( मष्चभअत बअअभकक); अत्यधिक ऋणग्रस्त देशका लागि (C0f) तटस्थ सहयोग (debt–neutral support) र आर्थिक र गैर-आर्थिक दुवै क्षतिको मान्यता दिनुपर्ने माग अघि सार्नु पर्दछ।

**३. हिमाली देशका लागि छुट्टै " पर्वतीय जलवायु न्याय "Mountain Climate Justice" एजेन्डा अघि सार्ने ।**

नेपालले हिमाललाई छुट्टै जलवायु न्यायको विषय बनाउन पहल गर्नुपर्छ र International Mountain Climate Justice Mechanism को प्रस्ताव पनि गर्नु पर्छ। यस प्रस्ताव अन्तर्गत हिमाली देशहरूका लागि विशेष जलवायु वित्त; हिमताल तथा हिमनदी अनुगमन; हिमताल विष्फोटन बाढी पूर्व जानकारी र

सतर्कता; पर्वतीय पारिस्थितिक प्रणाली पुनर्स्थापना; जलवायु परिवर्तनका कारण भएको विस्थापन र पर्वतीय जीविकोपार्जनको संरक्षणका लागि छुट्टै अन्तर्राष्ट्रिय सहयोग संयन्त्र विकास गर्ने पहल पनि समेटिनु पर्छ ।

**४. ऐतिहासिक जिम्मेवारीको सरोकार उठाउनु पर्ने ।**

नेपालले जलवायु वार्तामा सारगर्भित र महत्वपूर्ण सरोकारका रूपमा जलवायु संकट सिर्जनाका लागि सबैभन्दा बढी योगदान गर्नेहरूले समस्या सम्वोधनका लागि लाग्ने लागतमा पनि सोही अनुपातको योगदान गर्नुपर्छ भनेर दवाव सिर्जना गर्न सक्नुपर्छ। यस बहसलाइ थप व्यवस्थित र प्रभावकारी बनाउन तथ्य सहित ऐतिहासिक उत्सर्जनको अवस्था, वर्तमान उत्सर्जनको अवस्था, प्रतिव्यक्ति उत्सर्जनको अवस्था, विभिन्न देशहरूले तिर्नसक्ने क्षमता र प्रदुषकले नैं व्यहोर्ने सिद्दान्तलाई आधार बनाउन सकिन्छ। साथै यसलाई साझा तर फरक-फरक  जिम्मेवारीहरू र तदनुसारका क्षमताहरू (Common but Differentiated Responsibilities and Respective Capabilities –CBDR–RC) का सिद्धान्तसँग बलियोसंग जोडेर लान पनि आवश्यक छ। नेपालको माग केवल "हामीलाई पैसा देऊ" भन्ने मात्रै हुनु हुँदैन । बरु "जिम्मेवारी, क्षमता र क्षतिको अनुपातमा विश्वव्यापी वित्तीय जिम्मेवारी बाँडफाँट गर" भन्ने राजनीतिक सन्देश दिने हुनुपर्दछ।

**५. जलवायु परिवर्तनबाट प्रभावित मानव अधिकारको अन्तर्राष्ट्रिय मान्यताको सवाल उठाउने ।**

नेपालले जलवायु परिवर्तनलाई मानव अधिकारको संकट (human rights crisis) का रूपमा स्थापित गर्न सक्नुपर्छ। यसको अर्थ जलवायु वित्तको मूल्याङ्कन केवल "कति टन ऋइ$_2$ घट्यो" भनेर मात्र होइन कि कति मानिसको अधिकार सुरक्षित भयो भनेर पनि प्रष्ट हुनुपर्छ।

**६. गैर-आर्थिक क्षति तथा हानिनोक्सानीलाई केन्द्रित गर्ने ।**

नेपालका लागि यो अत्यन्त महत्वपूर्ण मुद्दा हो। धेरैजसो जलवायु क्षति पैसाले मात्र मापन गर्न सकिँदैन। जस्तैः मानिसको मृत्यु, संस्कृति, सभ्यता, परम्परागत ज्ञान, धार्मिक तथा सांस्कृतिक स्थल, जैविक विविधता, समुदायको पहिचान, विस्थापनको समस्या, मानसिक स्वास्थ्य, पुर्ख्यौली भूमि गुम्नु, अदि। त्यसैले नेपालले

हानिनोक्सानी कोष (Loss and Damage Fund) ले गैर आर्थिक क्षति (non–economic loss) लाई पनि वित्तीय तथा संस्थागत रूपमा सम्बोधन गर्ने स्पष्ट व्यवस्था होस भन्ने माग गर्नुपर्दछ ।

**७. जलवायु वित्त (climate finance) को स्वरूपः**

जलवायु ऋण होइन, जलवायु अनुदानको माग गर्नुपर्ने।नेपालजस्ता अतिकम विकसित र विकासशील देशका लागि अर्को महत्वपूर्ण मुद्दा जलवायु वित्त (climate finance) को स्वरूप हो । यदि जलवायु परिवर्तनका कारण सडक, पुल, विद्यालय, जलविद्युत्, कृषि र बस्ती पुनर्निर्माण गर्न फेरि ऋण लिनुपर्छ भने यसले अर्को डरलाग्दो चक्रमा फस्ने बलियो सम्भावना रहन्छ । जलवायु परिवर्तनका कारण भएको क्षति सम्वोधन गर्न ऋण लिए पछि ऋणको भार झन बढ्न जान्छ र यसले सबै प्रकारका विकास निर्माणमा थप संकटको सिर्जना गर्नसक्छ । त्यसैले नेपालको स्पष्ट माग भनेको अनुकूलन र हानिनोक्सानी वित्तको सबै वा ठूलो हिस्सा ऋण नभएर अनुदानमा आधारित हुनु पर्दछ ।

**८. जलवायु वित्तमा सहज पहूंचको माग गर्ने ।**

अन्तर्राष्ट्रिय जलवायु कोषमा पैसा जम्मा गर्ने घोषणा हुनु मात्र पर्याप्त छैन। सबैभन्दा जोखिममा रहेका देशले त्यो पैसा छिटो र सजिलोसँग पाउँनका लागि  सहज/सरलीकृत पहुंच, सिधा वा प्रतक्ष्य पहुंच, स्थानीय सरकार र समुदायको पहुंच, आपद्कालीन द्वार, साना अनुदान दिने संरचना, जोखिमउन्मुख देशका लागि छुट्टै द्वार  जस्ता व्यवस्थाको माग समेत गर्नुपर्छ। किनभनें विशेषगरी हिमाली स्थानीय तह र प्रभावित समुदायसम्म वित्त पुऱ्याउने संयन्त्र आवश्यक छ। जलवायु वित्तमा सहज पहूंच हुनु पनि न्याय हुनु हो ।

**९. जलवायु परिवर्तनका कारण उत्पन्न विस्थापन र वसाइ सराइ वा स्थानान्तरणको उचित प्रवन्धको माग गर्ने ।**

जलवायु परिवर्तनका कारण बस्ती सार्नुपर्ने अवस्था बढ्दै गएको छ। नेपालले अन्तर्राष्ट्रिय मञ्चमा जलवायुका कारण भएको विस्थापन (climate–induced displacement) लाई प्रमुख मुद्दा बनाउनु पर्छ । यसका लागि निम्न अधिकारहरूको दावि गर्न सकिन्छः जलवायु विस्थापितको अधिकार, सुरक्षित र सम्मानजनक पुनर्वासको अधिकार, व्यवस्थित पुनर्वासका लागि अन्तर्राष्ट्रिय वित्तमा सहज पहुंचको अधिकार, जीविकोपार्जन पुनर्वहालीका लागि अन्तर्राष्ट्रिय वित्तको अधिकार, सांस्कृतिक पहिचानको संरक्षणको अधिकार र सीमापार विस्थापनका लागि अन्तर्राष्ट्रिय नीति व्यवस्थाको अधिकार। साथै यसलाई हानिनोक्सानीको अभिन्न अंगको रूपमा पनि प्रस्तुत गर्नु पर्दछ ।

**१०. हिमाली पूर्व सतर्कता र सिमा वारपार सहकार्य Himalayan early warning र trans boundary cooperation) को पैरवी गर्ने ।**

हिमाली विपद् कुनै एक देशको राष्ट्रिय सीमामा रोकिन्न। हिमनदी, नदी, बाढी र GLOF को जोखिम नेपाल-भारत-चीन-भुटान-बंगलादेश लगायत सम्पूर्ण हिमालय-दक्षिण एसियाली क्षेत्रमा जोडिएको छ। त्यसैले नेपालले स्पष्टताका साथ “क्षेत्रीय हिमाली जलवायु सूचना तथा पूर्व सतर्कता सञ्जाल "Regional Himalayan Climate Information and Early Warning Network” को स्थापना र शिघ्र संचालन। यसमा वास्तविक समयमै हिमनदी र हिमतालको अनुगमन गर्ने, भू-उपग्रहीय तथ्याङ्क संकलन तथा सूचना आदानप्रदान गर्ने, जल विज्ञान सम्वन्धिको तथ्याङ्क संकलन तथा सूचना आदानप्रदान गर्ने, GLOF चेतावनी र सतर्कता सूचना आदानप्रदान गर्ने, विषम र भारी वर्षाको पूर्वानुमान जानकारी गराउने, क्षेत्रीय स्तरमा विपद् संचार र खुल्ला वैज्ञानिक तथ्याङ्क जस्ता विषयहरू समावेश गर्न सकिन्छ ।

**११. हिमाललाई वशिवव्यापीजलवायु सार्वजनिक सम्पदा (Global Climate Public Good) का रूपमा स्थापित गर्न पहल गर्ने ।**

यस विषयलाइ नेपालको दीर्घकालीन रणनीतिक मुद्दा बनाउनु पर्ने हुन्छ। किनभने नेपालका हिमालले नेपाललाई मात्र होइन, चीन र सम्पूर्ण दक्षिण एसियालाई पानी, जलवायु नियमन, जैविक विविधता र

पारिस्थितिक प्रणालीका सेवाहरू प्रदान गरिरहेका छन् । त्यसैले हिमाली पारिस्थितिक प्रणालीको संरक्षण हुनु भनेको विश्वव्यापी सार्वजनिक हित (global public interest) हुनु हो। यस आधारमा हिमाल संरक्षणका लागि अन्तर्राष्ट्रिय पर्वतीय पारिस्थितिक कोष (International Mountain Ecosystem Fund) जस्तो संयन्त्रको प्रस्ताव र पैरवी गर्नु पर्दछ।

**१२. जलवायु न्यायलाई वश्विव्यापी आर्थिक न्याय (Global Economic Justice) सँग जोड्ने ।**

नेपालका लागि सबैभन्दा वजनदार र गहिरो राजनीतिक मुद्दा यही हुनसक्छ, किनभनें जलवायु संकट र विश्वव्यापी आर्थिक असमानता अलग-अलग समस्या होइनन । असमान विकास र ऐतिहासिक हरित गृह ग्याँस उत्सर्जनका कारण जलवायु संकट, जलवायु जोखिम र बढ्दो हानी नोक्सानी हुने भएकाले देशहरूले बढी ऋणको भार बोक्नुपर्ने र त्यसले झन धेरै विपन्नता/गरिवी निम्त्याउने हुनसक्छ । यस प्रकारको चक्र तोड्नका लागि जलवायु वित्त, ऋणको पुनर्सरचना, जलवायुका लागि ऋण मिनाहा, अनुदान, प्रविधिको हस्तान्तरण, सहुलियतपूर्ण व्यापार, वित्त तथा हानिनोक्सानी वित्त जस्ता उपकरणहरूलाइ एकीकृत गर्न आवश्यक देखिन्छ ।

**१३. नेपालले अन्य प्रभावित देशहरुसँग सहकार्य गरी प्रभावित देशहरुले प्राप्त गर्नुपर्ने जलवायु न्याय सम्बन्धि विषयमा शसक्त पैरवी गर्नुपर्ने ।**

नेपाल जस्ता अति कम विकसित देशहरु (LDCs) तथा अन्य विकाससिल (Developing) देशहरुका साथै जलवायु प्रभावका हिसावले आफु समान हैसियत भएका देशहरुसँगको संयुक्त पहलकदमीमा जलवायु न्याय प्राप्तिका लागी आवश्यक कार्य गर्ने ।

**१४. जलवायु कुटनितीक कार्यदल निर्माण गर्ने ।**

नेपाल सरकारले सरकारका सम्बद्ध पक्षहरु, सम्बधित निकायहरु, राजनितिक दलहरु, नागरिक समाजका साथै विषय विज्ञहरुको समेत सहभागितामा राष्ट्रिय स्तरमा उच्च **स्तरीय जलवायु कुटनितिक कार्यदल** निर्माण गर्ने ।

**१५. नेपालले आफ्नो प्रतिवद्धता पूरा गर्नुपर्ने ।**

नेपालले जलवायु सम्वन्धि आफूले कवुल गरेका अन्तर्राष्ट्रिय प्रतिवद्धता तथा राष्ट्रिय जलवायु नीति, योजना र कार्यक्रमहरूलाइ परिवर्तित सन्दर्भ अनुकूल उच्च राजनैतिक निष्ठा र स्वच्छ शासकीय अनुशासन अवलम्वन गरी कार्यान्वयन गर्न आग्रह गर्दछौं ।

अन्तमा यस कार्यक्रमको मुख्य सन्देश भनेको नेपालले हिमालमा जलवायु परिवर्तनलाइ सम्वोधन गर्न विगतमा गरेका जलवायु परिवर्तन सम्वन्धि सगरमाथा घोषणा पत्र (मन्त्री परिषदको सगरमाथा आधार सिवरि, कालापानीमा वसेको बैठकमा पारित) मा समावेश गरेको लगायत अन्य अन्तर्राष्ट्रिय मञ्चहरूमा प्रस्ताव गरेको “हिमालको संरक्षण नेपालको मात्र दायित्व होइन; हिमालको संरक्षण गर्न यसबाट लाभ लिने सम्पूर्ण विश्वको साझा जिम्मेवारी हो। जलवायु संकटको समाधान वातावरणीय मात्र होइन; जलवायु न्याय, मानव अधिकार, सामाजिक न्याय र अन्तरपुस्तीय न्यायमा आधारित हुनुपर्दछ” भन्ने सन्देशलाइ थप मजवुत गरी प्रस्तुत गर्नु पर्दछ ।